# ज्योति विकास बैंक लि.
# JYOTI BIKASH BANK LTD.
*More than a Bank*

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त वित्तीय संस्था"


रजिष्टर्ड कार्यालयः का.म.न.पा. वडा नं. २८, कमलादी, काठमाडौं, नेपाल
फोन नं. ०१–४१६८६०५/४१६८६०६/४१६८६०७/४१६८६०८, फ्याक्स नं. ०१–४१६८५८०
Website:www.jbbl.com.np, Email: info@jbbl.com.np


को

## ज्योति विकास बैंक लिमिटेडले साविकको "हाम्रो विकास बैंक लिमिटेड" प्राप्ति (एक्विजिसन) पश्चात् साविकका शेयरधनीहरूलाई अभौतिक रूपमा शेयर वितरण गर्ने बारेको सूचना

नेपाल राष्ट्र बैंकबाट मिति २०७५/९/१२ गते र कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७५/११/२७ गते प्राप्ति (एक्विजिसन) गर्न अन्तिम स्वीकृति प्राप्त भए अनुरुप साविकको **"हाम्रो विकास बैंक लिमिटेड"** लाई प्राप्ति गरी **ज्योति विकास बैंक लिमिटेड** ("ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको विकास बैंक) को नामबाट मिति २०७५/१२/१५ गते देखि एकिकृत कारोबार शुभारम्भ गरिसकेको व्यहोरा जानकारी गराउँदछौं ।

प्राप्ति गर्ने संस्था बीच कायम शेयरको आदान प्रदान अनुपात (Share Swap Ratio) १ : १ (ज्योति विकास बैंक लिमिटेड : हाम्रो विकास बैंक लिमिटेड) को शेयर प्राप्त गर्नका लागि साविकको "हाम्रो विकास बैंक लिमिटेड" का शेयरधनीहरूले अभौतिकीकरण गर्न बाँकी भएमा उक्त शेयरधनीहरूले (मिति २०७५।१२।२४ गतेसम्म अभौतिकीकरण गराई सक्नु भएका साविकको शेयरधनीहरू बाहेक) यस बैंकको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरू वा शेयर रजिष्ट्रार श्री एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाडौं वा शाखा कार्यालयहरू लालदरबार काठमाण्डौं, लगनखेल ललितपुर, चिप्लेढुंगा पोखरा, आदर्शनगर वीरगञ्ज, ट्राफिकचोक बुटवल र गोल्छाचोक विराटनगरमा निम्न कागजातहरू साथ सर्म्पक गर्नहुन अनुरोध गर्दछौं ।

१. साविकको "हाम्रो विकास बैंक लिमिटेड" का शेयरधनीहरूले आफ्नो हितग्राही खातामा जम्मा गर्ने सम्बन्धमा पूर्ण विवरण खुलाई तोकेको ढाँचामा निवेदन ।
२. साविकको "हाम्रो विकास बैंक लिमिटेड" को आफ्नो नाममा कायम सम्पूर्ण सक्कल शेयर प्रमाणपत्रहरू ।
३. शेयरधनीको हितग्राही खाता रूजु प्रयोजनार्थ हितग्राही खाता खोल्दा निक्षेप सदस्यले प्रदान गरेको हितग्राही खाता खोलेको पत्र (Demat Account Confirmation Letter) ।

यस सम्बन्धी आवश्यक निवेदनको ढाँचा बैंकको वेभसाईट www.jbbl.com.np तथा शेयर रजिष्ट्रारको वेभसाईट www.niblcapital.com बाट Download गरी प्राप्त गर्न सक्नु हुनेछ ।

**पुनश्च** : साविकको "**हाम्रो विकास बैंक लिमिटेड**" का शेयरधनीहरूले मिति २०७५।१२।२४ गतेसम्म आफ्नो नाममा कायम शेयर अभौतिक रूपमा जम्मा गरी सक्नु भएमा उक्त शेयरधनीहरूको शेयर कायम शेयरको आदान प्रदान अनुपात (Share Swap Ratio) बराबर नै ज्योति विकास बैंक लिमिटेडको नाममा अभौतिक रूपमा जम्मा भईसकेको व्यहोरा जानकारी गराईन्छ ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**शेयर रजिष्ट्रारको पुरा नाम र ठेगाना**


**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com


**(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)**

मिति २०७६/१/१६ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने ।